

Source: imgarcade.com



Source: ec.europa.eu



Source: www.thenews.coop

CLEAN ENERGY NEPAL

**AFAI Newsletter**
माघ २०७१



# अनुकूलन वित्तको जवाफदेहिताका लागि पहल

## विषय सूची

नेपाल सरकारको बजेटमा जलवायु परिवर्तन ........ २
बजेट कार्यान्वयनका चुनौतीहरू ........ ३
जलवायु वित्त व्यवस्थापनका लागि क्षमता निर्माण ........ ४
जलवायु परिवर्तन कार्यक्रम: खै त ८०% रकम, के स्थानीय तहमा पुग्यो त ? ........ ६
हरित जलवायु कोष (Green Climate Fund) र नेपालले गर्नुपर्ने तयारी ........ ७
जलवायु अनुकूलन कार्यक्रमहरू र आर्थिक पक्षबारे स्थानीय सरोकारवालाको धारणा : ........ ८



*कृति श्रेष्ठ*

जलवायु परिवर्तनसँग जुध्नका लागि नेपाल सरकारले कतिपय नीतिगत व्यवस्था गरी विभिन्न परियोजनाहरू लागू गरिरहेको छ । हाल राष्ट्रिय तहमा मात्र नभई विभिन्न जिल्लाहरूमा समेत जलवायु परिवर्तनका कार्यक्रमहरू कार्यान्वयनको क्रममा रहेका छन् । जलवायु परिवर्तनका नाममा भैरहेका गतिविधिले कसरी लक्षित समूहलाई अनुकूलनमा टेवा पुऱ्याईरहेका छन् र तिनको पारदर्शिता तथा जवाफदेहीता कस्तो छ भन्ने विषयमा क्लीन इनर्जी नेपालले अक्सफाम, ओभरसिज डेभलपमेण्ट ईन्स्टिच्युट एवं वर्ल्ड रिसोर्स ईन्स्टिच्युटको साझेदारीमा "अनुकूलन वित्तको जवाफदेहिताका लागि पहल" (AFAI) कार्यक्रम अन्तर्गत विभिन्न अध्ययन र पृष्ठपोषणका क्रियाकलापहरू गरिरहेको छ ।

यस परियोजना अन्तर्गत नेपालमा जलवायु परिवर्तन अनुकूलन वित्त सम्बन्धी गरिएको प्रथम चरणको अध्ययन अनुसार सन् २००९ देखि २०१२ सम्म दातृ निकायहरूद्वारा नेपालका लागि ५३८.२४ मिलियन अमेरिकी डलरको प्रतिबद्धता जनाइका छन्, तर सो रकमको ४५.७८ प्रतिशत मात्र पूर्ण वा आंशिक रूपमा जलवायु परिवर्तन अनुकूलनसँग सान्दर्भिक रहेको पाइएको छ । उता नेपाल सरकारले देशमा जलवायु परिवर्तन सम्बन्धी क्रियाकलापमा भैरहेको खर्च ट्र्याक गर्ने हेतु राष्ट्रिय बजेटमा जलवायु परिवर्तन कोड प्रयोगमा ल्याएको छ । आर्थिक वर्ष २०७१/०७२ मा सार्वजनिक गरेको राष्ट्रिय बजेटअनुसार रू ६६ अर्ब ३४ करोड ९६ लाख ५६ हजार जलवायु परिवर्तनसँग सम्बन्धित देखाएको छ । यो कुल बजेटको १०.७३ प्रतिशत हुन आउँदछ ।

AFAI Newsletter को यस अङ्कमा हामीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा अनुकूलन वित्त सम्बन्धी भईरहेका उपलब्धी र आगामी दिनमा चालिनु पर्ने कदमका बारेमा सामाग्रीहरू प्रस्तुत गरेका छौं ।

# नेपाल सरकारको बजेटमा जलवायु परिवर्तन




*मञ्जित ढकाल*



*पल्लव रेग्मी*

नेपाल सरकारको आर्थिक वर्ष २०७१/७२ को बजेटले वातावरण संरक्षण र जलवायु परिवर्तन सम्बन्धी विभिन्न कार्यक्रमका लागि बजेट विनियोजन गरेको छ । गत वर्षको जलवायु परिवर्तन सम्बन्धी कुल बजेटभन्दा यस वर्षको बजेट करिब ०.३९ प्रतिशतले बढी अर्थात कुल बजेटको १०.७३ प्रतिशत (रू ६६ अर्ब ३४ करोड ९६ लाख ५६ हजार) रहेको छ । जलवायु परिवर्तनको सम्बन्धी रकम केही बढेको देखिए पनि अधिकांस कार्यक्रम गत वर्षकै निरन्तरता रहेका छन् ।

आर्थिक वर्ष २०७०/७१ को तथ्याङ्कलाई हेर्दा कुल बजेटको १०.३४ प्रतिशत जलवायु परिवर्तनको लागि छुट्याइएको थियो, त्यस मध्ये करिव ५.८ प्रतिशत जलवायु परिवर्तनसँग प्रत्यक्ष सम्बन्धित र ४.६ प्रतिशत अप्रत्यक्ष सम्बन्धित थियो । यस आर्थिक वर्षमा कुल बजेटको १०.७३ प्रतिशत रकम जलवायु सम्बन्धी रहेकोमा प्रत्यक्ष सम्बन्धित बजेट प्रतिशत केही घटेर ५.६६ प्रतिशत पुगेको देखिन्छ र अप्रत्यक्ष सम्बन्धित प्रतिशत केही बढेर ५.०७ प्रतिशत पुगेको देखिन्छ ।




*चित्र १ : आर्थिक वर्ष २०७०/७१ तथा २०७१/७२ को जलवायु परिवर्तन सम्बन्धी बजेट*

बजेटले जलवायु परिवर्तनसँग सम्बन्धित भनेका मुख्य कार्यक्रमहरू तलको तालिका नं. १ मा राखिएको छ ।

*तालिका १ : जलवायु परिवर्तन भनेर तोकिएका कार्यक्रमहरू*

*(रकम रू. हजारमा)*

| बजेट शीर्षक | वैदेशिक अनुदान | नेपाल सरकार | ऋण | जम्मा |
|---|---|---|---|---|
| जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | १५,०७,१८ | १,६०,५५ | | १६,६७,७३ |
| रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | १८,२३,२७ | १०,९३ | | १८,३४,२० |
| पर्वतिय जलाधारहरूको जलवायु परिवर्तन समानुकूलन आयोजना | १९,४४,८९ | २,४१,०६ | | २१,८५,९५ |
| जलवायु प्रकोप समुत्थान निर्माण कार्यक्रम | ६२,४४,४७ | १०,५०,२३ | १९,७५,०० | ९२,६९,७० |
| जलवायु परिवर्तन सहयोग कार्यक्रम | ७३,३८,६३ | | | ७३,३८,६३ |
| जलवायु परिवर्तन प्रभाव न्यूनीकरण तथा उपयुक्त प्रविधि प्रवर्धन कार्यक्रम | | ३,५५,३१ | | ३,५५,३१ |
| जम्मा | १८,८५,८४४ | १८,१८,०८ | १९,७५,०० | २,२६,५१,५२ |

# बजेट कार्यान्वयनका चुनौतीहरू



*भुवन कार्की*
*उप-सचिव, अर्थ मन्त्रालय*

जलवायु परिवर्तनको समस्या र यसको अनुकूलनका लागि आर्थिक वर्ष २०७१/७२ को लागि सरकारले १०.७३ प्रतिशत बजेट विनियोजन गरेको छ । गत वर्षदेखि जलवायु परिवर्तनको बजेटलाई छुट्टै बजेट कोडमार्फत केही स्पष्टता दिने प्रयास भएको छ भने यस वर्ष जलवायु बजेटलाई रातो कितावमा नै प्रष्टताका साथ एनेक्समा राखिएको छ ।

जलवायु परिवर्तन तथा वातावरण सम्बन्धी प्राय सबै कामहरू विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय, उर्जा मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र लगायतका निकायहरूवाट हुने गर्दछ । तथापी छुट्याईएको बजेट कार्यन्वयनमा भने धेरै



Source: www.wall-pix.net

चुनौतीहरू रहेका छन् । निकायहरूको आफ्नै सिमित दायरा भित्र रहनुपर्ने कारणले र विभिन्न कार्यक्रमहरूमा पहुँच पुऱ्याउन नसक्नु प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । यसका साथै यी निकायहरूको क्षमतामा कमी पनि एक प्रमुख चुनौति हो । त्यस्तै वातावरण तथा जलवायु परिवर्तनको क्षेत्रमा काम गर्ने सम्बन्धित मन्त्रालयहरूको बीचमा समन्वय तथा सहकार्यको कमी पनि अर्को चुनौतिको रूपमा रहेको छ । विभिन्न अन्तर्राष्ट्रिय स्रोतको व्यवस्थापन र प्रस्तावित कार्यक्रमको कार्यन्वयनको लागि विशेषत : विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको क्षमता बढाउनु पर्ने देखिन्छ । साथै समुदाय स्तरबाट प्रप्त सिकाइहरूको उपयोग गरिए भावि योजना निर्माण र कार्यक्रमहरू कार्यान्वयन गर्न सहजता आउन सक्दछ ।

जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रमहरू कार्यन्वयनका लागि तथा विनियोजित स्रोतहरूको प्रभावकारी उपयोगको लागि क्षेत्रगत नीतिको व्यवस्था भए सहजता आउँछ । साथै राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) को कार्यान्वयनको विधिमा समेत स्पष्टता आउनु आवश्यक छ ।

# जलवायु वित्त व्यवस्थापनका लागि क्षमता निर्माण



*गोपीनाथ मैनाली*

धनी र औद्योगिक मुलुकको अविवेकी आर्थिक क्रियाकलापबाट विश्वको तापमान प्रति वर्ष बढ्दै गएको छ, जसलाई सन् १९९२ मा सम्पन्न रियो सम्मेलनले विश्व समुदायलाई सचेत गराएपछि मात्रै महत्व दिन थालियो । सन् १९९७ मा भएको क्योटो सम्मेलनमा विकसित राष्ट्रहरूले सन् २००८ देखि २०१२ सम्ममा उत्सर्जनको मात्रा ५ प्रतिशत कमी ल्याउने प्रतिवद्धता पारित गऱ्यो । यसपछि मात्र विकसित वा अनुसुचीका राष्ट्रहरू आफूहरूले गरेको अन्धाधुन्ध स्रोत दोहनको शोधभर्ना गर्न सीमित रूपमा भएपनि बाध्य देखिए । यस दायित्वलाई निर्वाह गर्न अल्पविकसित मुलुकहरूको व्यापक दवावपछि जलवायु परिवर्तन कोष, अनुकूलन कोष, वातावरणीय सहायता प्रणाली, अल्पविकसित मुलुकका लागि कोष, हरित जलावयु कोष, विश्व जलवायु परिवर्तन साझेदारी, विशेष जलवायु परिवर्तन कोष, जलवायु रणनीतिक कोष, अमेरिकी कोष जस्ता विशेष परिभाषित कोषको व्यवस्था भएका छन्, जसले जलवायु परिवर्तनको असरसँग अनुकूलित हुन र न्यून उत्सर्जनका कार्यक्रम सञ्चालनका लागि अनुसूचीमा नभएका (अल्पविकसित) मुलुकहरूलाई सहयोग उपलब्ध गराउने प्रतिवद्धता गरिएको छ र केही मात्रामा सहयोग र सहायता प्रवाह पनि हुन थालेको छ । यी कोष प्रणाली बाहिर पनि जलवायु वित्त प्रवाहका लागि महत्वपूर्ण व्यवस्था भएका छन् । जस्तो कि द्विपक्षीय सहायता व्यवस्था, युरोपीय संघ, विभिन्न मुलुकका राजदूतावास र एजेन्सीहरू, बहुराष्ट्रिय संस्थाहरू (एशियाली विकास बैंक, विश्व बैंक, राष्ट्रसंघीय एजेन्सीहरू), अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी संस्थाहरू (रकफेलर फाउण्डेशन, विल-मेलिण्डा फाउण्डेशन आदि) ।



Source: gobuzzup.com

विकासशील मुलुकहरू जलवायु परिवर्तनका जोखिममा छन्, त्यहीं नै क्षमता, वित्त र व्यवस्थित कार्यप्रणालीको अभाव छ । उल्लेखित कोषहरूबाट पाइने सुविधा लिनका लागि पनि विकासशील मुलुकहरूले क्षमता विकास गर्नुपर्ने आवश्यकता छ । किनकी ती कोषहरू प्रतिस्पर्धात्मक क्षमता प्रदर्शन पछि मात्र सम्वद्ध मुलुकका समस्या संबोधन गर्ने कार्यक्रममा आइपुग्छन् । जलवायु वित्त वार्ता क्षमता त्यत्तिकै महत्वपूर्ण पक्ष हो । अर्को कुरा, मौजुदा अवस्थामा विश्वमा प्रवाह भैरहेको अन्तराष्ट्रिय सहायताको उल्लेख्य भाग जलवायु वित्तमार्फत हुने सम्भावना बढेको छ । गरिबी न्यूनीकरण, भोकमरी नियन्त्रण, लैङ्गिक समानता, द्वन्द्वोत्तर व्यवस्थापन, पूर्वाधार विकास, स्वास्थ्य र शिक्षा जस्ता क्षेत्रमा उपयोग हुँदै आएको अन्तराष्ट्रिय सहायताको प्रवृत्ति अब जलवायु वित्ततर्फ मोडिएको छ । किनकी पहिला हरितगृह ग्यास उत्सर्जन न्यून गरी जीवन सहयोग प्रणाली सुधार गर्नु सबैको दायित्व हो । सबै प्रकारका समस्याको केन्द्रविन्दुमा अब जलवायु परिवर्तन रहेकाले पनि अन्तराष्ट्रिय सहयोग परिचालनको केन्द्रमा जलवायु वित्त रहने स्थिति देखिएको छ । उल्लेखित कोषहरूमार्फत प्रवाह हुने सहायताको अपव्याख्या हुन सक्ने सम्भावना पनि त्यत्तिकै छ । जस्तो कि विगतमा प्रवाहित सहायता उदार व्याख्याका साथ जलवायु वित्तको ढोकाबाट छिर्ने प्रयास भएको छ । यदि त्यस्तो देखियो भने युएनएफसीसीसीको धारा ४ ले गरेको विशेष व्यवस्था 'धनी मुलुकका लागि जलवायु परिवर्तन वित्तको नैतिक दायित्व' कागजी मात्र हुनेछ । के चाहि जलवायु वित्त हो भन्ने सन्दर्भमा धनी (उत्सर्जक) तथा गरिब (प्रशोचक) मुलुकहरू बीच साझा बुझाई देखिएको छैन ।

विश्व मञ्चमा मुलुकहरू समान भएपनि जलवायु परिवर्तनका असरका दृष्टिले मुलुकहरू फरक छन् । त्यसैले राष्ट्रसंघीय जलवायु परिवर्तन सम्बन्धी खाका महासन्धिले मुलुकहरू समक्ष 'मुलुकहरू समान तर फरक जिम्मेवारी' को अवधारणा अघि सारेको छ । यो किन त भन्दा जलवायु परिवर्तनको कारण हरितगृह ग्यास उत्सर्जनमा अल्पविकसित मुलुकहरूको कुनै योगदान छैन, तर असर र जोखिम भने उनीहरूकै भागमा परेको छ । जलवायु

**धनी र औद्योगिक मुलुकको अविवेकी आर्थिक क्रियाकलापबाट विश्वको तापमान प्रतिवर्ष बढ्दै गएको छ, जसलाई सन् १९९२ मा सम्पन्न रियो सम्मेलनले विश्व समुदायलाई सचेत गराएपछि मात्रै महत्व दिन थालियो ।**



Source: driverlayer.com

परिवर्तनका कारण अतिकम विकसित मुलुकका गरिव जनता र त्यहाको प्राकृतिक एवम् मानवीय स्रोत सङ्कटमा पर्दै गएको छ । कुल कार्वन उत्सर्जनमा ४ प्रतिशत हिस्सा मात्र ओगट्ने ४८ अतिकम विकसित राष्ट्र अरूको विकास र प्रगतिका कारण सिर्जित सङ्कटको मारमा छन् । नेपाल जलवायु परिर्वतनको दृष्टिले विश्वको चौथो सङ्कटापन्न मुलुक हो, जबकि यसको कार्वन उर्त्सजन हिस्सा ०.०२७ प्रतिशत भन्दा कम छ । अरूले गरेको अपराधको अज्ञानमा सजाय भोगे सरह नै भएको छ विपन्न मुलुकहरूका लागि जलवायु परिवर्तनको असर । यसर्थ नेपाल जस्ता अतिकम विकसित मुलुकले दुई प्रकारको रणनीति अवलम्बन गर्नुपर्ने आवश्यकता देखिएको छ । पहिलो, जलवायु परिवर्तनको असर समन क्षमता वा अनुकूलता बढाउनु । जुन हाम्रो छनौट र रहर नभै बाध्यता हो । यसका लागि राष्ट्रिय तथा स्थानीय तहमा अनुकूलनका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनु पर्दछ । नेपालले राष्ट्रिय अनुकूलन योजना, स्थानीय अनुकूलन योजना, समुदायमा आधारित अनुकूल योजना, वातावरणमैत्री स्थानीय शासन जस्ता कार्यक्रम मार्फत अनुकूलन कार्यलाई अघि बढाइरहेको छ । दोस्रो, भविष्यको निर्माण हामी सबैको दायित्व हो । कार्वन र कार्वनजन्य प्रदूषकहरू न्यून उत्सर्जन गर्ने रणनीति अवलम्बन गर्ने । जस्तो कि न्यून कार्वन आर्थिक विकास रणनीति, प्रकृति संरक्षण रणनीतिक खाका, हरित अर्थतन्त्रको अवधारणा अवलम्बन जस्ता कुरालाई योजना संयन्त्र मार्फत उत्सर्जन मात्रा घटाउन सकिन्छ । तर अल्पविकसित मुलुकका लागि यी दुवै कार्य अतिरिक्त शर्त पनि हुन्, जसले विकास व्यवस्थापनलाई अल्पकालमा केही महङ्गो पनि पार्दछ । तर पनि 'बाध्यता' र 'सावधानी' दुवै कारणले यसो गर्न नेपाल जस्ता गरिव राष्ट्र बाध्य छन् । यो साझा भविष्यका लागि साझा दायित्व पनि हो ।



Source: www.aquaidwatercoolers.co.uk

पहिलो, जलवायु परिवर्तनको असर समन क्षमता वा अनुकूलता बढाउनु । जुन हाम्रो छनौट र रहर नभै बाध्यता हो । यसका लागि राष्ट्रिय तथा स्थानीय तहमा अनुकूलनका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनु पर्दछ ।

जलवायु वित्तको प्रवाह र उपयोगको प्रश्न पनि जटिल र चुनौतीप्रद बन्दै गएको छ । जस्तो कि हरित जलवायु कोष (जीसीएफ) र यस्तै अन्य स्रोत मार्फत परिचालित हुने जलवायु वित्त राष्ट्रिय, स्थानीय, सामुदायिक र निजीक्षेत्र सबै क्षेत्रको समान पहुँच हुने सम्भावना देखिन्छ । यसका अलावा सार्वजनिक निकायबाट परिचालन हुने जलवायु वित्त पनि बहुराष्ट्रिय वित्तीय संस्थाको नियन्त्रणमा रहिरहने सम्भावना छ । यदि त्यसो भैरहेमा यसले राष्ट्रिय कार्यप्रणाली र प्राथमिकतालाई उपेक्षा गर्न सक्दछ । सरकारी संरचनामार्फत प्रवाहित हुने कोषलाई पनि 'अफ बजेट' मार्फत उपयोग गरी सजिलो कार्यमा खर्च गर्ने प्रवृत्ति देखिएको छ । जस्तो कि सन् २००९ देखि २०१२ सम्म रियो मार्कर अनुरूप विभिन्न जलवायु कोष मार्फत नेपालमा ५५० मिलियन अमेरिकी डलर वित्त परिचालन गर्ने प्रतिवद्धता देखाइएकोमा २३६.६२ मिलियन अमेरिकी डलर मात्र प्रवाहित भयो (अक्सफाम/सेन, २०१३) । यो वित्त अधिकांश सरकारी बजेट प्रणालीभन्दा बाहिरबाटै खर्च भएको थियो । जलवायु परिवर्तन नीतिले यस क्षेत्रमा परिचालन हुने वित्तमध्ये ८० प्रतिशत स्थानीय तहमा खर्च हुनुपर्ने शर्त राखेको छ भने विकास सहायता सम्बन्धी साझेदारहरूको प्रतिवद्धता अनुरूप सबै प्रकारको खर्च राष्ट्रिय नीति प्राथमिकतामा राष्ट्रिय प्रणालीको उपयोग गरेर मात्र गरिने भनिएको छ । उल्लेखित अवधिमा राज्य बाहिरका पात्रमार्फत परिचालित वित्तको एकीकृत सूचना व्यवस्थापन र जवाफदेहिता मूल्याङ्कन समेत गर्न सकिएको छैन । हालै स्थापित जीसीएफका लागि अहिलेसम्म आधिकारिक निकाय तोकिने काम समेत भएको छैन, जबकि गैरसरकारी क्षेत्रबाट नेपालको प्रतिनिधित्व भैरहेको छ । यस अवस्थामा जीसीएफको साधन उपयोग गर्ने अवसरबाट हामी ठगिन सक्ने सम्भावना छ । त्यसैले नेपालको नाममा आउने जलवायु वित्तले गरिब र जोखिममा परेका सर्वसाधारणलाई सम्बोधन नगरेमा त्यसले झनै विकृति ल्याउने निश्चित छ । यसै सन्दर्भमा तलका चार सरोकार टड्कारो रहेका छन् :

- जलवायु परिवर्तन कोषलाई राष्ट्रिय योजना प्रणालीमा कसरी उपयोग गर्ने ?
- जलवायु परिवर्तन कोषमा पहुँच विस्तार गर्न राष्ट्रिय प्रणालीको क्षमता कसरी विकास गर्ने ?
- जलवायु परिवर्तन नीति कार्यान्वयनको आवधिक समीक्षा गर्ने प्रणाली कसरी व्यवस्थित गर्ने ?
- विकास साझेदारहरूका जलवायु क्रियाकलापलाई कसरी राष्ट्रिय नीतिमैत्री, पारदर्शी र अनुमानयोग्य कसरी बनाउने?

# जलवायु परिवर्तन कार्यक्रम: खै त ८०% रकम, के स्थानीय तहमा पुग्यो त ?



राजन थापा

नेपाल सरकारले सन् २०१० मा राष्ट्रिय अनुकुलन कार्यक्रम (नापा) तयार पाऱ्यो जसको उद्देश्य जलवायु परिवर्तनको असरसँग जुध्न तत्काले आवश्यक जलवायु अनुकूलन कार्यलाई अघि बढाउनु हो । कार्यक्रम लागू गर्ने ढाँचामा ८० प्रतिशत रकम स्थलगत कार्यमा खर्च गर्ने उल्लेख गरिएको छ । त्यस्तै २०११ मा जलवायु परिवर्तन नीति तर्जुमा गरिएको छ । जलवायु परिवर्तन नीतिको बुँदा न. ८.३.७ मा स्पष्ट लेखिएको छ,"***जलवायु परिवर्तनका लागि जुटाइएको कुल बजेटको कम्तिमा ८० प्रतिशत रकम स्थलगत कार्यमा विनियोजन गर्ने***" । तर जलवायु परिवर्तनको नाममा आउने रकमको ८० प्रतिशत कसरी स्थानीय तहमा जाने अन्योलमै छ ।

अहिले नेपालमा जलवायु परिवर्तनका लागि विभिन्न स्रोत र शिर्षकमा रकम आएको देखिन्छ । कुनै रकम दातृ निकायबाट सरकारी कोषमा आउँछ त कुनै सिधै कार्य स्थलमा पुगेको देखिन्छ । हाल नेपालमा जलवायु परिवर्तन अनुकूलनका विभिन्न कार्यक्रमहरू कार्यान्वयन भईरहेका छन् । जस्तै : नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP) अर्न्तगत नेपाल सरकारको सहकार्यमा नेपालको मध्य र सुदुर पश्चिममा गरी १४ वटा जिल्लाहरूमा स्थानीय अनुकुलन कार्ययोजना (लापा) कार्यान्वनयन भईरहेको छ, त्यस्तै पारिस्थितिकीय प्रणालीमा आधारीत अनुकुलन (ई.वि.ए.) कार्यक्रम, बहुसरोकारवाला वन कार्यक्रम (MSFP) आदि ।



Source: www.environmentmagazine.org

तर ती कार्यक्रमहरूमा माथि देखि स्थानीय तहसम्म रकम कसरी र कति जान्छ ? अहिलेसम्म कति खर्च भयो ? ८० प्रतिशतको अवधारणालाई कसरी मूल्याङ्कन गरिएको छ ? जस्ता कुराको जानकारी सरोकारवाला निकाय र आमजनमानसमा पुग्न सकेको छैन ।

**नेपाल सरकारले सन् २०१० मा राष्ट्रिय अनुकूलन कार्यक्रम नापा तयार पाऱ्यो जसको उद्देश्य जलवायु परिवर्तनको असरसँग जुध्न तत्काले आवश्यक जलवायु अनुकूलन कार्यलाई अघि बढाउनु हो ।**

स्थलगत रूपमै अध्ययन गर्ने हो भने जलवायु परिवर्तनको असरले जति हामी जोखिमा छौँ, जति असर हामी खेपिरहेका छौँ, त्यो भन्दा धेरै कमले जलवायु परिवर्तन के हो ? अनुकुलन के हो बुझेका छन्, अझ ८० प्रतिशतको विषयमा जोखिममा रहेका समुदाय अनभिज्ञ नै छन् । त्यसैले जति नै नीति नियम, अथवा कार्ययोजना अगाडि ल्याएपनि सबैभन्दा ठूलो चुनौति यसको प्रभावकारी कार्यान्वयनमा नै देखिन्छ । नीति निर्माण गर्दा युवा, महिला, सरोकारवाला निकाय, निजी क्षेत्र, सामाजिक संघ संस्थाको सहभागिता हुनु उत्तिकै खाँचोको रहेको छ ।

जानकार व्यक्तिहरूलाई सोध्ने हो भने ८० प्रतिशत रकम समुदायमा पुग्न जटिल छ भन्छन् । उता ८० प्रतिशत रकम सम्बन्धी व्यवस्था बारेमा जानकार स्थानीय समुदाय जलवायु परिवर्तन नीतिमा रहेको यो व्यवस्था अनुसार कहिले रकम पुग्छ भनेर सोधिरहेका छन्: खै त ८० प्रतिशत रकम, के स्थानीय तहमा पुग्यो त ?





*राजु पण्डित क्षेत्री*

# हरित जलवायु कोष (Green Climate Fund) र नेपालले गर्नुपर्ने तयारी



जलवायु परिवर्तनको असरलाई कम गर्न र नेपाल जस्ता विकासोन्मुख राष्ट्रहरूको त्यस्ता असरहरूसँग जुध्ने क्षमताको विकास गर्न अन्तरर्राष्ट्रिय रूपमा पहल भईराखेका छन् । संयुक्त राष्ट्र संघ आफैले यस मुद्दाको गम्भिरतालाई ध्यानमा लिँदै पहल गरिरहेको छ । प्रत्येक वर्ष UNFCCC सम्बन्धित पक्षराष्ट्रहरूको सम्मेलन (COP) हुने गर्दछ जहाँ जलवायु परिवर्तनवारे वहस, छलफल मार्फत आगामी योजनाको निर्णय गरिन्छ ।

विकासोन्मुख राष्ट्रहरूको कारण जलवायु परिवर्तनको समस्या उत्पन्न नभए पनि यसको असर भने बढी नै खप्नु परेको छ । यसै कुरालाई मध्यनजर गर्दै विकसित राष्ट्रहरूले विकासोन्मुख राष्ट्रहरूलाई समस्यासँग जुध्न आर्थिक सहयोग गर्ने निर्णय गरेका छन् । त्यसै अनुरूप २०१० को १६औं पक्षराष्ट्रहरूको सम्मेलनले हरित जलवायु कोष (जी.सी.एफ.) को स्थापना गर्ने र २०२० सम्ममा प्रति वर्ष १०० अर्ब अमेरिकी डलर परिचालन गर्ने निर्णय गरेको छ । यो कोष (Fund) संयुक्त राष्ट्र संघ अन्तर्गत रहनेछ ।

जी.सी.एफ.को सचिवालय तीन वर्षपछि २०१३ मा दक्षिण कोरियाको स्वङदो शहरमा स्थापना गरिएको छ । यस सचिवालयले विस्तारै आफ्नो काम अगाडि बढाए पनि विकसित राष्ट्रहरूले प्रतिवद्वता गरे जस्तो रकम प्रवाह भने अझै गरेका छैन । जर्मनी जस्ता केही राष्ट्रले मात्र तयारी (Readiness)को लागि थोरै रकम दिएका छन् ।

जी.सी.एफ.को बोर्डले भने वर्षको तीन पटक भेट्दै सचिवालयको कार्यशैलीलाई सहयोग गर्दै आएको छ । बोर्डले आफ्नो छैंठो र सातौं बैठकमा सचिवालयको कामकाज अगाडि बढाउन चाहिने मुख्य निर्णयहरू र न्यूनतम आवश्यकताहरू (essential elements) पूरा गरिसकेको छ । यी आठ न्यूनतम आवश्यकताहरू हुन् :

१) स्रोत विनियोजनको खाका (Framework for the allocation of resources),
२) जवाफदेहिता संयन्त्र (Accountability mechanisms),
३) कोषको संरचना (Structure of the fund),



Source: www.gopixpic.com

**विकासोन्मुख राष्ट्रहरूको कारण जलवायु परिवर्तनको समस्या उत्पन्न नभए पनि यसको असर भने बढी नै खप्नु परेको छ ।**



४)  कोष सञ्चालनको प्रारम्भिक प्रारूप (Initial modalities for the operation of the fund),
५)  सुरक्षा र स्तरीयता सहित कोषमा सम्बन्धन (Accreditation to fund, including standards and safeguards),
६)  वित्तिय जोखिम व्यवस्थापन र कोष लगानी खाका (Frameworks to guide investments by the fund and to manage financial risks),
७)  प्रस्तावना स्वीकृतीको विधि (Approval process for funding proposals),
८)  प्रारम्भिक नतिजा खाका (An initial results framework).

जी.सी.एफ.बाट नेपालले पनि जलवायु परिवर्तनका असर विरूद्ध लड्न सहयोग पाउने निश्चित छ । तर यसको लागि अहिलेदेखि नै न्यूनतम तयारी गर्न जरूरी छ । जी.सी.एफ. सचिवालयले नेपाल सरकारलाई आफ्नो DNA (Designated National Authority) वा Focal Point चुन्न पत्राचार गरिसकेको छ । नेपाल सरकारले यसमा तदारूकता देखाई DNA वा Focal Point छान्न जरूरी छ । यसो गर्न ढिलाई गरेमा जी.सी.एफ. सचिवालयले लागू गर्न खोजेको तयारी कार्यक्रममा हामी पछि पर्नेछौं । आगामी दिनहरूमा जी.सी.एफ.ले अन्य पत्राचार वा छलफल गर्नु परेमा पनि यसै संयन्त्र मार्फत गर्नेछ । नेपाल सरकारले DNA/Focal Point छान्दा सबैखाले मूल्य मान्यताहरूलाई ध्यान दिनु आवश्यक छ । यो निकायले भोलिका दिनमा जलवायु परिवर्तनमा काम गर्ने निकायहरूसँग समन्वय गर्ने र त्यसै अनुरूप आफ्ना आवश्यकताहरूको सञ्चार गर्न बलियो र प्रभावकारी भूमिका खेल्ने निकाय हुनु पर्दछ ।

अहिलेदेखि नै नेपालले जोखिमको हिसावले प्राथमिकताका क्षेत्र तय गर्ने, कार्यक्रम बनाउने र कार्यान्वयन गर्ने निकाय पहिचान गर्ने र नीतिगत कार्यक्रमहरू कसरी अगाडि बढाउने भन्ने बहस गर्दा फाईदा पुग्ने देखिन्छ । अन्तिम समयमा हतार गर्नुभन्दा सावधानीपूर्वक तयारी अवस्थामा बस्नु बढी रणनीतिक हुने छ । यी कुराहरू गर्दा जी.सी.एफ. सचिवालय र अन्तराष्ट्रिय समुदायलाई पनि नेपालप्रति बढी सचेत हुने मौका दिन्छ ।

नेपाल गरिबीसँग जुधिरहँदा जलवायु परिवर्तनका असरसँग पनि जुध्दै अगाडि बढेने चुनौती छ । त्यसैले जी.सी.एफ. लाई नेपालले एउटा अवसरको रूपमा लिँदै अगाडि बढ्नु जरूरी छ । यसले भोलिका दिनमा नेपालले दिगो विकास र जलवायु परिवर्तनका कार्यक्रमलाई सँगसँगै लिएर जान सजिलो हुन्छ ।

**नेपाल सरकारले DNA/Focal Point छान्दा सबैखाले मूल्य मान्यताहरूलाई ध्यान दिनु आवश्यक छ । यो निकायले भोलिका दिनमा जलवायु परिवर्तनमा काम गर्ने निकायहरूसँग समन्वय गर्ने र त्यसै अनुरूप आईना आवश्यकताहरूको सञ्चार गर्न बलियो र प्रभावकारी भूमिका खेल्ने निकाय हुनु पर्दछ ।**





Source: www.thenews.coop

**अहिलेदेखि नै नेपालले जोखिमको हिसावले प्राथमिकताका क्षेत्र तय गर्ने, कार्यक्रम बनाउने र कार्यान्वयन गर्ने निकाय पहिचान गर्ने र नीतिगत कार्यक्रमहरू कसरी अगाडि बढाउने भन्ने बहस गर्दा फाईदा पुग्ने देखिन्छ ।**

# जलवायु अनुकूलन कार्यक्रमहरू र आर्थिक पक्षबारे स्थानीय सरोकारवालाको धारणा



*धन बहादुर रावल*
*महासचिब याक नेपाल, कैलाली*

जलवायु परिवर्तनका लागि उपलब्ध प्राविधिक तथा आर्थिक स्रोतमा पहुँच बढाउन दक्ष जनशक्तिको विकास तथा परिचालन गर्ने, र जलवायु अनुकूलन तथा न्यूनीकरण सम्बन्धी परम्परगत तथा स्थानीय ज्ञान, सीप, अभ्यास तथा प्रविधि सम्बन्धी सामग्री सङ्कलन, प्रकाशन, प्रसार तथा उपयोग गर्ने, गराउने जस्ता लोकप्रिय नीति तथा कार्यक्रम ल्याएता पनि संरचना र कार्यान्वयनमा स्पष्टता देखिएको छैन । LAPA कार्यक्रमको कार्यान्वयन कुरा गर्ने हो भने, अनुगमन र मूल्याङ्कनबारे दस्तावजे मौन छन् । यसैगरी वातावरण मन्त्रालयका आफ्नै क्षेत्रिय र स्थानीय इकाईहरू विद्यमान नरहेको अवस्थामा अन्य मन्त्रालय र ती मातहतका इकाईहरूमा भरपर्नु पर्ने बाध्यताका बीच वातावरण मन्त्रालयले समन्वयकारी भूमिका समते राम्ररी खल्ने नसक्ने हो कि भन्ने चिन्ता यस क्षेत्रका अभियान्तामा छाएको छ । आयोजना स्तर र स्थानीय स्तरमा कसरी काम गर्ने भन्नेमा धेरै कमीकमजोरी रहेका छन् भने अर्कोतिर समुदाय परिचालन गर्न स्थानीय सेवा प्रदायक संस्थाको छनौट प्रकृया अवरूद्ध भई सामाजिक परिचालनको पाटो प्रभाकारी हुन सकिरहेको छैन । त्यसैले यस क्षेत्रमा उक्त कार्यक्रमबाट प्रवाह भएको बजेट कुन सयन्त्रबाट प्रवाहित भईरहेको छ, स्थानीय तहसम्म रकम पुगेको छ वा छैन, विपन्न तथा अति संकटासन्न समुदायको वास्तविक आवश्यकता पूर्ति र श्रोतमा पहुँच कस्तो छ भन्ने यर्थातताको अध्ययन हुनु अपरिहार्य देखिन्छ ।



*खुशीराम के.सी.,*
*लापा सहजकर्ता, रोल्पा, तेवाङ*

समग्रमा रोल्पा जिल्लामा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम लगायत अन्य निकायहरूले पनि जलवायु परिवर्तनको क्षेत्रमा कार्य गरिरहेका छन् । स्थानीय अनुकूलन कार्ययोजना निर्माण गर्ने र ती कार्ययोजनाहरू कार्यान्वयन गर्दा वास्तविक स्थानीयहरूको आवश्यकताहरूको परिपूर्ति हुने भएकाले पनि कार्यक्रमको प्रभावकारिता बढेको छ । स्थानीय कार्ययोजना निर्माणदेखि नै स्थानीय जनताहरूको सहभागिता हुने भएकाले कार्यक्रमको प्रभावकारिता बढेको हो । मेरो जानकारीमा आएसम्म कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय निकाय तथा विभिन्न साझेदार संस्थाहरू मार्फत सञ्चालन हुने गर्दछ । कार्यक्रम शुरू गर्नुभन्दा पहिले सार्वजनिक सुनवाई तथा अभिमुखीकरण गर्ने र कार्यक्रम सम्पन्न भएपछि सामाजिक लेखापरीक्षण गर्ने गरेकाले पनि स्थानीयको पहुँच, जवाफदेहिता र पारदर्शिता छ जस्तो लाग्छ । मेरो विचारमा ८० प्रतिशत रकम स्थानीय तहमा पुगेको जस्तो लाग्छ ।




**संकलन तथा सम्पादन :** पल्लव रेग्मी, कृति श्रेष्ठ, **सम्पादन :** सुनिल आचार्य

*थप जानकारीका लागि*
**स्वच्छ उर्जा नेपाल (क्लिन इनर्जी नेपाल)**
४०७८१, देवकोटा सडक, मध्य बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. २४५८१, काठमाडौं, नेपाल • फोन : ०१-४४६४९८१/६९१५६४९
इमेल : info@cen.org.np • वेब : www.cen.org.np

design&printproduction: wps, 5555989, wpsnepal@gmail.com

*यस प्रकाशनमा व्यक्त विचार तथा जानकारीहरू सम्पादकको व्यक्तिगत हुन र उक्त विचार र जानकारीहरू CEN तथा लेखक र सम्पादकले प्रतिनिधित्व गर्ने संस्थाहरूका आधिकारिक धारणासँग मेल नखान पनि सक्दछन् ।*

*यस प्रकाशनको आंशिक या सम्पूर्ण भाग गैर-नाफामुलक र शैक्षिक उद्देश्यका लागि पुनःप्रकाशन, फोटोकपी वा अन्यकुनै माध्यबाट वितरण या प्रयोग गर्न सकिनेछ । यसका लागि CEN मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।*